# गाउँपालिका अध्यक्ष कर्ण सिंह साउद ज्यूद्वारा शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभा समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम
# आर्थिक वर्ष २०८२/०८३

## शिवनाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## शिवनाथ, बैतडी
## सुदूरपश्चिम प्रदेश
## नेपाल

१ असार २०८२

**आदरणीय सभाका सदस्यज्यूहरु,**

## (क) स्थानीय सरकारको नीति तथा कार्यक्रम

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित शिवनाथ गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेकाछौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमीहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिईएकोछ।

## (ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक)

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाईलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा

ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।साथै गुणस्तरीय शिक्षा प्राप्त भएन भनी विद्यालय भर्ना उमेरका बालबालिकाहरुलाई अध्ययनका लागि प्रायः मान्छेहरुले शहर केन्द्रित हुँदै गएका र पालिकामा विद्यार्थी भर्नादर घटिरहेको छ भने पर्याप्त वडा सचिव नभई स्थानीय अन्य कर्मचारीलाई व्यवस्थापन गरी वडा कार्यालय चलाउनु पर्ने बाध्यता सिर्जना भएको कुरा अवगत गराउँदछु ।

## (ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

**हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकारक्षेत्रका विषयमा ऐन, कानून, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. विद्युतलाईन विस्तारको शुरुवात हुनु ।
७. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
८. स्थानीय जलवायू अनुकुलन परियोजना (LACC) संञ्चालन हुनु ।

### विद्यमान चुनौतीहरूः

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. संघ र प्रदेशबाट प्राप्त राजश्व बाँडफाँड र सामानिकरण अनुदान पर्याप्त निकासा नहुनु ।
१४. हिउद र वर्षा याममा वर्षा नभई सुख्खा क्षेत्र बढदै जानु ।
१५. स्थायी चौथो र पाचौं प्रशासनिक पदहरुको पदपूर्ती नहुनु ।
१६. संघ र प्रदेशले प्रभावकारी समन्वय सहकार्य नहुनु ।

## (घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरूः-

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६औं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

१६औं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याईएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## (ङ) चालू आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

*"सीप युक्त शिक्षा, उत्पादनमुलक रोजगार, गुणस्तरीय स्वास्थ्य हामि सबैको सरोकार"*

**भौतिक पूर्वाधार विकास तर्फ**

१. सडक तर्फ गाउँपालिका आँफैले कुल १४ कि.मि. ग्राभेल सहित जम्मा १८९.९३ कि.मि. सडक ट्र्याक खोलि सबै सडक खण्डहरुलाई बाहैं महिना सञ्चालनमा ल्याईएको छ ।

२. सिचाई र खानेपानी तर्फ मुख्य गरी मटेलिगडा सिचाई योजनाबाट ७५ घरपरिवार सिचाईमा जोडिएका र नागार्जुन खानेपानी बछलामा १७३ घरपरिवारले खानेपानी शिवनाथ गाउँपालिका र (LACC) परियोजनाको साझेदारीबाट सुविधा प्राप्त गर्ने भएका छन ।

३. गाउँपालिकाभित्र ग्रयाभिटी सिस्टमबाट खानेपानी पहुँचमा नरहेका क्षेत्रमा ४ वटा लिफ्ट सिँचाई योजनाहरु निर्माण गरी खानेपानी सुबिधा उपलब्ध गरिएको छ।

४. प्रशासकिय सुधार तथा शासकिय प्रबन्ध तर्फ गाउँपालिकाको आफ्नै भवन, सभाहल र ४ वडा कार्यालयहरुको नयाँ भवन निर्माण गरी सेवा सञ्चालन भईरहेको र बाँकी ५ नं. वडा कार्यालय निर्माणाधिन अवस्थामा छ ।

५. स्वास्थ्य तर्फ १०शैयाको अस्पतालको काम द्रुत गतिमा निर्माण कार्य अगाढी बढी रहेको र बाँकी ६ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुलाई आफ्नै स्रोत साधन मार्फत स्तरोन्नतीका साथै नयाँ वडा नं. ६ को निर्माणाधिन स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न हुने तयारीमा रहेको छ ।

६. खेलकुद तर्फः- गाउँपालिकाभित्र २ वटा गाउँपालिका स्तरीय (सुल्लेखान खेलमैदान र खुल्पुर खेलमैदान) को स्तरोउन्नती हुने कार्य अगाडी बढेको र ६ वटै वडाहरुमा वडा स्तरीय खेलमैदान निर्माण भई खेलगतिबिधि सञ्चालन भईरहेको छ।

७. बिधुतिकरण तर्फ यसै आ.व. मा गाउँपालिका कार्यालयमा बिधुत जडान भएको र बाँकी वडा नं. २ र वडा नं. ३ का मुख्य वस्तीहरुमा विधुतिकरणको कार्य सञ्चालनमा रहेको र अरु वडाहरुमा तत्कालै विद्युत विस्तारको कार्य अगाडी बढने प्रकृयामा रहेको जानकारी गराउँदछु ।

८. शिक्षातर्फ गाउँपालिकाले आफ्नो स्रोत साधनले सम्भव भएका विभिन्न गाउँपालिक स्तरका योजनाहरु सञ्चालन गरी विद्यालय घेरबार, कक्षाकोठा निर्माण तथा मर्मत, अन्य भौतिक सुधारका कार्यक्रमहरु सञ्चालन गरी विद्यालयहरुलाई भौतिक रुपमा सबल बनाईएको छ।

९. यस गाउँपालिकाको अति शुख्खा क्षेत्रहरु वडा नं.०१, ०२ र ०४ मा रहेका वस्तिहरुमा खानेपानी सुबिधा उपलब्ध गराउन यसै आ.व.मा महाकालि देखि शर्माली लिफ्ट खानेपानी योजनाको विस्तृत योजना प्रतिवेदन तयार गरी बजेटका लागि विभिन्न निकायहरुसँग पहल भईरहेको कुरा अवगत गराउँदछु ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

१. आधारभूत तह अन्तर्गत शैक्षिक सत्र, २०८१ सालको कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन र पुनर्योग तथा ग्रेडबृद्धि परीक्षा सञ्चालन गरी तथा नतिजा प्रमाणीकरण गरिएको छ ।

२. विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत इ-लाइब्रेरी अनुदान श्री भगवती आधारभूत विद्यालय,तेर्छबाटा कार्यसम्पन्न गरिसकेको र उत्कृष्ट विद्यालय अनुदान बापतको रकम २ वटा विद्यालयहरु सित सम्झौता गरी कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

३. आधारभूत र माध्यमिक तहमा शुन्य दरबन्दी भएका वा एकमात्र दरबन्दी भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी बिषयमा दरबन्दी वितरण गरी पठनपाठनमा सहजता आएको छ ।

४. गाउँपालिका स्थित कक्षा १ देखि ३ मा पठनपाठन गर्ने शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने कस्टमाइज्ड तालिम सम्पन्न भएकोछ।

५. शिवनाथ गाउँपालिका भरी लेटर ग्रेडिङ पद्धति तथा विद्यार्थी कार्यसञ्चिका राख्ने परिपाटीको विकास र प्रतिबद्धता गरिएको छ।

६. स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८१ सालको कार्यसम्पादन मूल्यांकन संकलन,दर्ता र अकंन तथा सिफारिस/प्रमाणीकरणको कार्य भईसकेको छ।

७. शिक्षकहरुको बिरामी बिदा अभिलेख प्रमाणीकरण तथा सम्प्रेषण भएको छ ।

८. विद्यालय संख्याः माध्यमिक तह ९ वटा, निम्न माध्यमिक तह ४ वटा, प्रा.वि.तह(कक्षा १-५) १६ वटा र प्रा.वि.तह (कक्षा १-३) ५ वटा गरी जम्मा ३४ वटा विद्यालयहरु रहेका, शिशु विकास केन्द्र ५ वटा र सामुदायिक अध्ययन केन्द्र १ वटा गरी जम्मा ४० वटा शैक्षिक संस्थामा सेवा प्रवाह भएको छ।

९. गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,२०८१ श्री नागार्जुन आ.वि.,शर्मालीमा सम्पन्न भएको छ ।

१०. कार्य अवधि समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको नयाँ विद्यालय व्यवस्थापन समितिहरु गठनमा शिक्षा शाखाबाट प्रत्यक्ष सहजीकरण गरिएको छ।

११. शैक्षिक गुणस्तर बृद्धि गर्ने सम्बन्धमा पालिकास्तरमा शिक्षा अधिकृतको संयोजकत्वमा ११ सदस्यीय पालिकास्तरीय कार्यदल गठन गरी प्रतिबेदन तयार भई छलफलको क्रममा रहेको छ।

१२. सबै वालवालिकाहरुलाई समयमै पाठ्यपुस्तक,छात्रबृत्ती लगायत अन्य शशर्त अनुदान निकासा भईसकेको छ।

१३. बार्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित हुने विद्यालयहरु ६ वटै सित सम्झौता गरी रकम निकासा गरिएकोछ।

१४. सबै विद्यालयहरुलाई एमिस अपडेटका लागि सूचना गरिएकोछ।

१५. विद्यालयहरुलाई शिक्षा शाखाको तर्फबाट बार्षिक शैक्षिक क्यालेण्डर वितरण गरिएकोछ।

१६. शसर्तका निकासा बाँकी तथा चालू तर्फका कार्यक्रमहरु समेत केही बाँकी योजनाहरु कार्यान्वयनमा रहेका छन ।

१७. शिक्षक डायरी तयारीको चरणमा रहेकोछ।

१८. शिक्षकको बार्षिक तलबी प्रतिबेदन २०८१ प्रमाणीकरणको पहल गरिएकोछ।

१९. एसईई परीक्षा र कक्षा १२ को परीक्षा अनुगमन भएको छ।

२०. विभिन्न विद्यालयहरुले सम्झौता गरेका योजनाहरुको अन्तिम अनुगमन गरी शैक्षिक सेवा प्रवाह गरिएकोछ।

२१. बाल विकास सहजकर्ताहरुको तालिम सम्पन्न भएको र शिक्षकहरुको तालिम संञ्चालनमा रहेको छ ।

## स्वास्थ्य क्षेत्र तर्फ

१. गाउँपालिकाको पहलमा पुर्ण संस्थागत सुत्केरी गाउँपालिका र ० होम डेलिभरी गराउन ६वटै वडाभित्र दक्षजनशती सहितको प्रविधिक सेवा उपलव्ध गराई १८ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरिएको छ । साथै गर्भवतिलाई कोशेली कार्यक्रम संन्चालन गरी पालिकाभित्रका ५ वटै वडालाई संस्थागत सुत्केरी वडा घोषणा गर्ने तयारी अवस्थामा पुगेका छौं ।

२. स्वास्थ्यसेवा व्यवस्थापन सुचना प्रणाली व्यवस्थित गरिएको छ।यो प्रणालि ३ नं. वडाबाट सुरु गरिएको छ।

३. गर्भवतीलाइ घरमै अथवा टोलमै सेवा उपलब्ध गराउने उदेश्यले घुम्तीसेवा मार्फत प्रत्येक २ महिनामा भिडियो एक्सरे सेवा संञ्चालनमा रहेको छ।

४. पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन भि .आइ .ए . समय - समयमा शिविर सञ्चालन गरिएको छ।

५. दिर्घकालिन रोगहरुको समयमै पत्ता लगाई आवश्यक निदानका लागि क्षयारोग तथा विभिन्न रोगहरु पत्ता लगाउन शिविर सञ्चालन गरिएको छ ।

६. यस पालिकामा रहेका ० देखि ५९ महिनाका सबै बालबालिकालाइ १५ महिनाभित्र पाउनु पर्ने सबै खोप पुरा गरी पुर्ण खोप सुनिश्चतता कार्यक्रम सम्पन्न गरिएको छ।

७. प्रदेश सरकारसँग समन्वय गरी वडा नं.२ शर्मालीमा आयुर्वेदिक आरोग्य केन्द्र स्थापना गरी सेवा सुचारु गरिएको छ।

८. च्यारिटी हेल्थ फाउन्डेशनको सहयोगमा पालिकामा आँखा उपचार केन्द्र स्थापना गरी निशुल्क दुइ दिने बृहत शल्यक्रिया आखा शिविरबाट ४०७ जनाले आखा उपचारको सेवा लिई ११३ जनाको सल्यक्रिया गरियो।साथै ६ ओटै वडामा ७२० जनाले आखा चेकजाच गरी ११३ जनालाइ चस्मा वितरण समेत गरिएको छ ।

९. कुपोषण पहिचान अभियान सञ्चालन गरी ३ वडा ० कुपोषित बच्चा पत्ता लगाइयो र २ वटा संस्थालाइ पोषणमैत्री स्वास्थ्य संस्था घोषणा तथा दिगोपना कायम गर्ने प्रक्रियामा रहेको छ ।

१०. श्रीपूर आधारभूत स्वास्थ्य सेवा केन्द्र, शिवनाथ – ३ मा स्मार्ट हेल्थ सेवा सञ्चालन गरिएको छ ।

११. महिला स्वास्थ्य स्वंयसेविका सम्मान, पूर्ण खोप वडा/पालिका सुनिश्चितता तथा घोषणा, मेडिक मोवाइल कार्यक्रम र बर्थिङ सेन्टर तथा स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्वास्थ्य सामाग्री व्यवस्थापन, सुत्केरी उद्धार कोष, निःशुल्क एम्बुलेन्स सेवा र ग्रामिण अल्टरासाउण्ड सेवा शिविर संञ्चालनमा रहेको छ ।

## खानेपानी क्षेत्र (वास) तर्फ

१. गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुमा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति (W-WASHCC) का पदिधकारीहरुलाई वास/पूर्ण सरसफाई सम्बन्धि तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गराउने कार्य गरिएको छ ।

२. गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जलस्रोत समितिमा अनिवार्य रुपमा दर्ता गराई दर्ता प्रमाण पत्र वितरण गर्ने कार्य गरियो ।

३. गाउँपालिका भित्रका ६ वटा माध्यमिक विद्यालयहरुमा पूर्ण सरसफाई र तीन तारा अभिबृद्धि सम्बन्धि २ दिने तालिम सञ्चालन गरी वि.व्य.स. पदाधिकारीहरुको क्षमता अभिबृद्धि गराउने कार्य सम्पन्न गरिएको छ ।

४. पूर्ण सरसफाई उन्मुख गरिएका ४ वटा खानेपानी तथा सरसफाइ योजना क्षेत्रमा पूर्ण सरसफाइका क्रियाकलापको अनुगमन गरी सम्बन्धित उपभोत्ता समितिका ९१ जना सहभागीहरुलाई पूर्ण सरसफाई सम्बन्धि पुर्नताजगीय तालिम सञ्चालन गरी सम्पन्न गरिएको छ।

५. तीन तारा विद्यालय सुनिश्चितता घोषणा गरिएका ६ वटा विद्यालयहरुमा १० वटा सुचकहरुको स्वमुल्याङ्कन गराई विद्यालय व्यवस्थापन समिति र विद्यालय वास समितिका १२८ जना पदाधिकारीहरुलाई तीन तारा अभिबृद्धि सम्बन्धि क्षमता अभिबृद्धि गराउने कार्य सम्पन्न गरिएको छ ।

## कृषि क्षेत्र तर्फ

१. ८०% अनुदानमा बेमौसमी र मौसमी तरकारी उन्नत वीउ वितरण  कार्यक्रम अन्तर्गत ४४७ जना किसानहरुले सेवा लिएकोछ ।

२. ९०% अनुदानमा व्यावसायिक किसानहरुलाई २०७४ देखि २०८० सम्म ३३४ वटा र चालू आ.व.मा ५१ वटा सिलपोलिन प्लाष्टिक खरिद भई वितरणको प्रक्रियामा रहेको छ ।

३. ८०% अनुदानमा अदुवा र बेसार व्यावसायिक किसानहरुलाई २०७४ देखि २०८० सम्म ९० क्विन्टल र चालू आ.व.मा ९ क्विन्टल खरिद भई वितरण गरी कृषिमा आत्मा निर्भर हुनको लागि पहल गरिएको छ ।

४. बाली संरक्षण आकस्मिक सेवा तथा अमेरिकन फौजी किरा नियन्त्रण गर्नको लागि ३१४ जना किसानहरुले सेवा लिएकोछ ।

५. आईपिएम् कृषक पाठशाला संचालन भई सम्पन्न भएको छ ।

६. ८०% अनुदानमा आलु वीउ खरिद वितरण कार्यक्रम अन्तर्गत आदेवन अनुसार ११ क्विन्टल आलु वीउ वितरण कार्यक्रम सम्पन्न भएको छ ।

७. २५ जना किसानहरुलाई हिउँदे फलफूलको वोटविरुवा वितरण गरिएका छन ।

**८.** अमेरीकन फौजी किरा नियन्त्रण गर्न को लागि बिषादी खरिद गरी वितरण गरिरहेको छ ।

**९.** रक्तचन्दन, श्रीखण्ड र बहुमुल्य विरुवाहरु वितरण गर्न आवेदन संकलनको कार्य भईरहेको छ ।

## पशु क्षेत्र तर्फ

१. आन्तरिक बाह्रय परजिबी बिरुद्र लगायत अन्य औषधीहरु यस शिबनाथ गा. पा.को पशु सेवा शाखाबाट ६ वडाहरुमा ५०० घरधुरीका १०,००० बाख्रा, १५० वटा भैसी, २०० वटा गोरुहरुमा उपचार गरिएको छ ।

२. पशुपन्छीहरुमा लाग्ने सक्रांमक महामारी रोग तथा परजीबी नियन्त्रण कार्यक्रम शिबनाथ गा. पा. का ६ वटै वडाका १५० वटा घरधुरीका २००० वटा बाख्राहरु, १०० वटा भैसी, गोरु ५० वटा, कुखुरा ५०० वटाहरुमा उपचार गरिएको छ ।

३. महामारी आकस्मीक रोग नियन्त्रण कार्यक्रम शिबनाथ गा.पा.का ६ वटै वडाहरुमा ७५ वटा घरधुरीमा ५०० वटा बाख्राहरु, ३० वटा गोरुहरुमा उपचार गरिएको छ ।

४. **५० प्रतिशत अनुदानमा** बाख्रापालन खोर सुधारका लागि ५ वटा फर्महरुमा सम्झौता भएको काम सन्चालनमा रहेको छ।

५. **५० प्रतिशत अनुदानमा** कुखुरापालन खोर सुधारका लागि ७ वटा फर्महरुमा सम्झौता भएको काम सन्चालनमा रहेको छ।

## पर्यटन क्षेत्र तर्फ

१. पुरातात्विक सम्पदा संरक्षण अन्तर्गत शिवनाथ गाउँपालका वडा नं. २, शर्माली खलंगामा रहेको प्राचिन अमरगढी किल्ला जिर्णोउद्धार गरी सञ्चालनमा ल्याउनका निमित्त आफनै स्रोत साधनबाट घेबार निर्माण, गेट निर्माण लगायत संरचना निर्माण गरी थप आवश्यक संरक्षणका लागि विभिन्न निकायहरुसँग पहल भईरहेको छ ।

२. धार्मिक पर्यटन तर्फ गाउँपालिकाभित्र रहेका मुख्य-मुख्य मन्दिरहरु शिवनाथ मन्दिर, उदयदेव मन्दिर, खोलाकेदार मन्दिर लगायतका मन्दिरहरुमा मन्दिर निर्माण, पुनर्निर्माण, घेरबार जस्ता संरचनाहरु निर्माण गरी शिवनाथ मन्दिर र अन्य मन्दिर हरुमा र सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गरिएको छ ।

## झोलुङ्गे पुल क्षेत्र तर्फ

१. शिवनाथ गाउँपालिका वडा नं. १ मटेला खोला र वडा नं. ६ गनागाड झोलूङ्गे पूल निर्माण सम्पन्न गरिएको छ ।

## दलित तथा महिला क्षेत्र तर्फ

१. दलित तथा महिलाहरुको माग सम्वोधन एंव समस्या समाधान गर्न पालिका स्तरीय दलित संजाल र महिला संजाल गठन गरी माग सम्वोधन गरीएकोछ, साथै दलित र महिलाको आय आर्जनमा बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन ।

## महिला, बालबालिका तथा जेष्ट नागरिक क्षेत्र तर्फ

१. आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला अस्पताल, बैतडी तथा अन्य सरकारी अस्पतालहरुबाट यस गाउँपालिकालका अपाङ्गता पहिचान गरीएका जम्मा संख्या १३ जना मध्ये ख वर्गका ७, ग वर्गका १ र घ वर्गका ६ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ।

२. महिलाहरुको क्षमता विकासका लागि मित २०८१/०८/१० गते देखि २५ गते सम्म १६ दिने महिला हिंसा विरुद्धको अभियान वडा स्तरदेखि पालिका स्तरसम्म विभिन्न कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरिएको छ ।

**पोषण तर्फ**

१. पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देक समिति क्रियाशिल रहेको छ । साथै प्रत्येक वडाहरुमा समेत वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देक समिति क्रियाशिल रहेको छ ।

२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शाशन अबलम्बन गर्न पोषणमैत्री नमुना टोल बनाउन अभियानको सुरुवात गरेको छ । साथै प्रत्येकस्वास्थ संस्थालाई पोषणमैत्री स्वास्थ संस्था बनाउने अभियानमा जुटेको छ ।

३. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शाशन अबलम्बन गर्न पोषणमैत्री स्थानीय तहले पार गर्नुपर्ने सुचकहरु तथा पालिकाले पार गरेका सुचकहरु समावेश गरेर पोषणमैत्री स्थानिय शाशन स्थितिपत्र तथा पोषण पाश्र्वचित्र तयार गरेको छ ।

४. विद्यालय खानेपानी सुधार योजना अन्तर्गत शिवनाथ २ को सिद्धनाथ आ.वि.मा विद्यालय खानेपानी योजनाको निर्माण भएको छ ।

५. सुनौलो हजार दिनका आमा तथा विपन्न घरपरिवारका सदस्यहरुलाई अनुदान हस्तान्तरण गरी स-साना व्यवसाय सञ्चालन गर्नमा सहयोग पुगाएको छ ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्द्धिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीका लागि बिषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लछित र सम्बेनशील निकायहरुसँग क्रियाकलापहरु संचालन गरिदै आएको छ ।

७. नेपालका महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस शिवनाथ गा.पा. ले उच्च प्राथमिकतामा राखेर सञ्चालन गरिरहेको छ ।

८. सुनौला हजार दिनका महिला, किशोरी , बालबालिकाहरुलाई समावेश गरी बिषयगत शाखाहरुले पोषण लक्षित कार्यक्रमहरु सञ्चालन गरेको छ ।

## राजस्व शाखाको प्रगति विवरणः-

१. चालू आर्थिक वर्ष को जेठमसान्तसम्म रु ३९, ५१, ४८९. ४६/- आन्तरिक राजश्व संकलन भएको जानकारी गराउँदछु ।

## सुशासन तथा संस्थागत विकास ९ कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी

१. गाउँपालिकाले १६ वटा ऐन, ६ वटा नियमावली, ४३ कार्यविधि तथा मापदण्ड र ६ निर्देशिका र विधेयक ५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

२. गाउँपालिकापालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गर्ने कार्य संञ्चालनमा रहेको छ ।

३. यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** मा ८४.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम पूल्याङ्कन **(FRA)** मा ८९.५ अंक प्राप्त गरेकोछ ।

४. आर्थिक कारोबारलाई पारदर्शि र मितव्यई बनाउन पूर्ण रुपमा विद्युतिय भुक्तानी **(EFT)** प्रणाली लागु गरिईएको छ ।

५. गाउँपालिका, वडा कार्यालयहरुमा छिटो, छरितो, पारदर्शी र प्रविधिमैत्रि बनाउन **IPS (Internet Service Provider)** जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याईएकोछ ।

६. राजश्वा व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन **Online** भुक्तानी पोर्टल सेवा पालिका र सबै वडामा सञ्चालन गरिईएकोछ ।

७. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन ई-पालिका सम्बन्धित सफ्टवेयर र योजना व्यवस्थापन प्रणाली सम्पन्न गरिएको छ ।

८. ६ वटै वडा र पालिकामा ई-हाजिरी मार्फत कर्मचारीको हाजिरी व्यवस्थापन गरिएको छ ।

९. पालिकाका सबै सूचनाहरु आगामी आ.व.बाट सम्प्रेषण गर्न Mobile apps तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

## उद्योम विकास (मेड्पा कार्यक्रम) तर्फ

१. चालू आ.व.मा लघु उद्यम विकास शाखाबाट हालसम्म ३१३ जना नयाँ उद्यमि सृजना गरी २०४ जना पुराना उद्यमिहरुलाई स्तरोन्नति गरिएको छ ।

२. वडा नं. ४ मा २८ र वडा न.६ मा २४ गरि जम्मा ५३ जनालाई ७ दिने मौरी पालन सम्बन्धी सीप विकास तालिम दिइएको छ ।

३. मौरीपालन सम्बन्धी सीप विकास तालिम लिएका ५३ जना उद्यमिहरुलाई ८०% अनुदानमा मौरीसहित घारको वितरण गर्ने कार्य अगाडी बढेको छ ।

४. स्तरोन्नति तर्फ वडा नं. १ र ३ का ३१ जना पुराना उद्यमिहरुलाई दालमोठ,नमकिन तथा आलुचिप्स तालिम संचालन गरिएको छ ।

५. उद्योग बाणिज्य मन्त्रालयको सहकार्यमा ५५ जना सहभागिहरुलाई मौरी पालन सम्बन्धि ५२ कार्य दिने मौरीपालन तालिम सञ्चालन भई रहेको छ र मौरी सहित घार हस्तान्तरणको कार्य कार्यान्वयन हुने चरणमा रहेको छ ।

## पञ्चिकरण तथा समाजिक सुरक्षा शाखा तर्फ

- आ.व २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्ता खाइरहनु भएका व्याक्तिहरुलाई आ.व २०८१।०८२ का लागि नविकरण गरिएको छ ।
- मृत्यु भैसकेका व्याक्तिको लगत कट्टा गरिएको छ ।
- नयाँ सामाजिक सुरक्षा र बालपोषण पाउने योग्य व्याक्तिलाइ सामाजिक सुरक्षा प्रोटोकलमा दर्ता भएको छ ।
- आ.व २०८१।०८२ को प्रथम त्रैमासिकमा ३७५९ जानालाई इ. एफ. टि. मार्फत भत्ता बितरण गरिएको छ ।
- आ.व २०८१।०८२ को दोस्रो त्रैमासिकमा ३७६६ जानालाई इ. एफ. टि. मार्फत भत्ता बितरण गरिएको छ।
- आ.व २०८१।०८२ को तेस्रो त्रैमासिकमा ३७४८ जानालाई इ. एफ. टि. मार्फत भत्ता बितरण गरिएको छ ।
- आ.व २०८१।०८२ को चौथो त्रैमासिक हाल सम्मा दर्ता भइका ३६३९ जानालाई इ. एफ. टि. मार्फत भत्ता बितरण गरिनेछ ।
- नियमित रुपमा सेवा इकाई बाट बैङ्क खाता खोल्ने, परिवारिक विवरण,संरक्षक जस्ता अन्य सबै प्रकारका सिफारिसहरु सम्पन्न भई कार्य अगाढी बढेको छ ।
- सामाजिक सुरक्षा र बालपोषण भत्ता पाउने व्याक्तिको विवरण सुद्दिकरण गरिएको छ ।
- नयाँ लाभग्राहिको खाता नम्बर व्याक्तिगत विवरणमा अपडेट गरिएको छ
- अन्य सबै किसमका घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी आवश्यक परिआएका व्याक्तिको कामकाज पालिकाबाट भएको छ।
- घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी वडा, गाउँ, टोलमा गएर सप्ताह जस्ता सन्देश मुलक सुचना प्रशारण गरिएको छ ।

## रोजगार सेवा केन्द्र तर्फ

१. नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक, धारा ३४ मा श्रम सम्बन्धी हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति अतर्गत धारा ५१(झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (थ) ५ मा रोजगार सूचना केन्द्रको व्यवस्था गरिए अनुरुप रोजगार सेवा केन्द्रले श्रममुलक कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ ।

२. जस अन्तर्गत सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गिकार गरिएको छ ।

३. यस शिवनाथ गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको लागि चालू आर्थिक वर्ष २०८१/०८२ मा रु ५५ लाख बजेट विनियोजन गरिएकोमा उक्त बजेटबाट १२ वटा विकास निर्माणका योजनाहरुमा, रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका १०९० जना बेरोजगार व्यक्तिहरुमध्ये ४२ जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गर्नुको साथै ४० जना व्यक्तिहरूलाई ५० दिनको रोजागरी विभिन्न विकास निर्माणका योजनाहरुमा प्रदान गरियो । २२ जना महिला, १८ जना पुरुषहरुले ५० दिनको हाउस वाइरिङ्ग सम्बन्धी सीपमूलक तालिम प्रदान गरियो ।

## विविध तर्फ

१. कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

२. प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति उपलव्ध गराईएकोछ ।

३. आर्थिक वर्ष २०८१/०८२ मा न्यायीक समिति मार्फत गाउँपालिका भित्र जम्मा मुद्दा संख्या ५ वटा जस अन्तर्गत मिलापत्र मुद्दाहरुको संख्या ३ र मेलमिलाप हुन बाकीं रहेको संख्या २ रहेको छ।

४. न्यायीक समितिले वडा नं. १ देखि वडा नं. ६ सम्म १८ जना मेलमिलाप कर्ता गठन साथै कानुनी सम्बन्धी ७ दिने पूर्नताजकिय अभिमुखिकरण कार्य सम्पन्न गरिईएकोछ ।

१. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS-V**$^2$ को पूर्ण रुपमा कार्यान्वयन गरिएकोछ ।

२. आगामि ४ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिकाभित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएईकोछ ।

३. गाउँपालिकाबाट विपन्न घरपरिवार संख्या १५९ लाई राहात उपलब्ध र विपदजन्य घरपरिवार संख्या १८७ लाई क्षतिपूर्ति स्वरुप राहात वितरण गराएकोछ ।

४. विपद पूर्व तयारीको लागि आवश्यक सामाग्रीको खरिद गरी तयारी अवस्थामा राखिईएकोछ ।

५. आपतकालिन केन्द्र संचालनमा आवश्क पहल गरिईएकोछ ।

## **सभाका सदस्य महोदय,**

**अब म अगामि आर्थिक वर्ष २०८२/०८३ मा शिवनाथ गाउँपालिकाले अवलम्वन गर्ने निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

***"समावेशी र सन्तुलित विकास समृद्ध शिवनाथको मूल आधार"***

नेपालको संविधान २०७२ बमोजिम विद्यमान संघीय ऐन तथा कानुन, प्रदेश ऐन कानुनसंग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

## **क्षेत्रगत नीति तथा कार्यक्रमः-**

## **सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

### **शिक्षा तर्फ**

१. शिवनाथ गाउँपालिका भित्र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि चालू शैक्षिक सत्रभरी अभियानका रुपमा वालविकास कक्षादेखि कक्षा ५ सम्म गुणस्तर सुधार *(Quality Improve* **-ECD-Class 5***)* कार्यक्रम ब्यापक रुपमा चलाईनेछ र समग्र शैक्षिक सुधारमा युगान्तकारी पहलका रुपमा यो अभियानले समग्र क्षेत्र समेटनेछ।

२. उपरोक्त अभियान अन्तर्गत प्रारम्भिक बालबिकास तहदेखि कक्षा ५ सम्म सबै विद्यालयमा आधारशिलाका रुपमा पठनपाठनमा सुधार गरिनेछ।प्रारम्भिक वालविकासका कक्षाकोठामा अनिवार्य रुपमा रङ्गरोगन तथा आधारभूत विषयमा भित्तेलेखन गर्न प्रोत्साहन गरिनेछ।

३. "जबसम्म सबल शिक्षक उत्पादन हुँदैनन् तबसम्म वालवालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्दैनन्" भन्ने अभिप्रायले शिक्षकको पढाउने शैलीलाई सिकाउने शैलीमा रुपान्तरण गर्दै तथा शैक्षिक सामग्रीको बढीभन्दा बढी प्रयोग एवम् परिवर्तन कक्षाकोठाबाटै खोज्न लगाइ कक्षाकोठाको शिक्षणलाई प्रभावकारी बनाइनेछ।

४. समग्र शैक्षिक गतिविधिहरुको केन्द्रबिन्दु विद्यार्थीलाई मानेर मात्र शिक्षाका हरेक कार्यक्रमहरु सञ्चालन गर्ने तथा गुणस्तरीय शिक्षा प्रबर्द्धनमा शिवनाथ गाउँपालिका शिक्षा,युवा तथा खेलकूद शाखालाई थप मानवीय जनशक्ति सहित साधन,स्रोत र सुविधा सम्पन्न बनाईनेछ।

५. विद्यालयमा गाउँपालिकाका जनप्रतिनिधिहरु/कर्मचारीबाट समय समयमा नियमित अनुगमन र निरीक्षण गर्ने कार्य बर्षभरी एक चक्र (**Cycle**) का रुपमा चलाइनेछ।

६. शिक्षामा परिवर्तनको लहरलाई आत्मसात गर्दै हाल यस पालिकाका विद्यालयहरुमा देखिएको मुख्य शैक्षिक समस्या समाधान गर्न र सबैको हातेमालोमा शैक्षिक क्षेत्रको सुधार सम्भव गर्न तथा समृद्ध

शिवनाथ निर्माणका लागि "**<u>हाम्रो शिवनाथ हामी बनाउछौं</u>**" भन्ने अभिप्रायले एक शैक्षिक सुधार तथा व्यवस्थापन कार्यविधि मार्फत बैज्ञानिक रुपले शिक्षक र विद्यालय व्यवस्थापन गरिनेछ।

७. स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्म लागू भईसकेको परिप्रेक्ष्यमा पाठ्यपुस्तक लेखनतर्फ बिषय विज्ञ र अनुभवी शैक्षिक प्रबुद्धव ब्यक्तित्व लगायतको सहभागितामा कक्षा १–८ को सन्दर्भ सामग्री लेखन र प्रबोधीकरण गरिनेछ।

८. आधारभूत तह कक्षा ८ को बार्षिक परीक्षा पालिकास्तरमा मर्यादित तवरले परीक्षा सञ्चालन गरिनेछ।

९. कक्षा ५ को परीक्षा पालिकास्तरमा वडास्तरीय रुपमा सञ्चालन गर्ने गरी पालिकाको सहजीकरणमा सञ्चालन गरिनेछ।

१०. शिक्षकको प्रश्नपत्र निर्माणको क्षमता विकासका लागि कार्यशाला सञ्चालन गरिनेछ।

११. प्रत्येक विषय,तह र सबै शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धी तालिम,एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम, ICT सम्बन्धी तालिम,विभिन्न विषयको तालिम तथा क्षमता विकासका कार्यक्रमहरु शैक्षिक सत्रभरी नियमित रुपमा सञ्चालन गरिनेछ।

१२. शैक्षिक क्षति न्यूनीकरण गर्न आधारभूत तहको कक्षा १ देखि ३ सम्ममा पुर्णतःविद्यार्थी कार्यसञ्चिकाको प्रयोग र पूर्णतःकार्यान्वयन गरिनेछ।

१३. सामुदायिक अध्ययन केन्द्र मार्फत समुदायमा रहेका निरक्षर जनसमुदायको तथ्यांक संकलन गरी प्रौढ शिक्षा र साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१४. शिक्षकहरुको कक्षा अवलोकनको कार्यमार्फत पठनपाठनमा थप सहजीकरण गर्न पालिकास्तरमा रोष्टर समूह निर्माण गरी कार्ययोजनाका साथ बर्षभरी सुपरीबेक्षण गरिनेछ।

१५. शैक्षिक सत्रको शुरुवात र विद्यार्थी भर्ना अभियानको क्रममा अध्यक्षसित विद्यार्थी तथा अभिभावक कार्यक्रम मार्फत थप शैक्षिक क्षेत्रमा उन्नयनका लागि एक नयाँ कार्यक्रमका साथ शिक्षक,अभिभावक र विद्यार्थी जोडने पुलका रुपमा बिशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१६. विद्यार्थीहरुको प्रतिभा उजागरका लागि पालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु अन्तरगत माध्यमिक तहको बकतृत्वकला र आधारभूत तहको हाजिरीजवाफ प्रतियोगिता र थप सिर्जनात्मक क्रियाकलापहरु सञ्चालन तथा उत्कृष्ट हुने विद्यार्थी र विद्यालयहरुलाई सम्मान समेत गरिनेछ।

१७. खेलकूदमा उत्कृष्ट हुने खेलाडी प्रतिभालाई थप हौसला प्रदान गर्न पालिकाबाट जिल्ला,प्रदेश र राष्ट्रिय स्तरमै खेल खेल्न प्रोत्साहन गरिनेछ।

१८. सुचना तथा सञ्चार प्रविधिको पहुँच र सुविधा पुगेका विद्यालयहरुमा अधिकतम रुपमा सुचना तथा सञ्चार प्रविधिका साधनहरु प्रयोग गरी विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्दै विद्यालयले गर्ने सम्पुर्ण कामहरुमा कम्प्युटर प्रविधिको प्रयोग गर्दै IEMIS मा आधारित तथ्यांक राख्न शुरु गरिनेछ।

१९. विद्यार्थीहरुको पढ्ने बानीको बिकास गर्न तथा पठनपाठनमा सुधार ल्याउन अभिभावकहरुबाट आफ्ना नानीबाबुहरुलाई नियमित रुपमा विद्यालय पठाउने र गृहकार्यको अनिवार्यता सहित बिहान साँझ उनीहरुको पढाइको निगरानी नियमित रुपमा गर्ने गरी प्रतिबद्धता गराईनेछ।

२०. शिक्षाका महत्वपुर्ण बिषयहरुमा छलफल तथा प्रगति समीक्षा गर्न नियमितरुपमा पालिका स्तरमा समयसमयमा बस्ने प्रधानाध्यापक बैठकमा सहभागीलाई थप प्रभावकारी बनाईनेछ ।

२१. शिक्षा क्षेत्रमा भित्रिएका नविनतम् प्रविधिको उच्चतम उपयोग गरी संचार तथा सुचना प्रविधिको सञ्जाल मार्फत सम्पर्क स्थापित गरिनेछ।

२२. वालविकास केन्द्रहरुमा न्युनतम भौतिक पुर्वाधार सहित सोका सहजकर्तालाई बर्षमा कम्तीमा एकपटक सोको पाठ्यक्रमबारे तालिम र क्षमता विकासको अवसर प्रदान गरिनेछ।

२३. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको क्षमता विकासका लागि तालिम प्रदान गरिनुका साथै विद्यालयको विकासप्रति उत्तरदायी समेत बनाइनेछ।

२४. विद्यालय एक औपचारिक संस्था भएकाले शिक्षक र विद्यार्थीहरु नियमित पोषाकमा र समयमै विद्यालयमा उपस्थित हुने तथा विद्यालय हाताभित्र र बाहिर विद्यालय समयमा अमर्यादित कामहरु हुन दिईने छैन तथा गर्नेलाई कानून अनुसार कारवाही गरिनेछ ।

२५. विद्यालयहरुमा मोबाइल फोनको अनावश्यक प्रयोगको अवस्था अन्त्य गर्दै मोबाइल फोनको प्रयोगबारे बिशेष आचारसंहिता बनाइ पालिकाभरी लागू गरिनेछ।

२६. विज्ञान प्रयोगशालाको पहुँचमा पुगेका विद्यालयहरुमा उक्त विषय शिक्षणताका सम्बन्धित प्रयोगशालाका सामग्रीको अधिकतम प्रयोग,प्रत्येक विद्यार्थीलाई विज्ञानको छुट्टै प्रयोगात्मक अभ्यास पुस्तिका तथा सुरक्षाकालागि आचारसंहित बनाइ पालिका भरी एकरुपता हुनेगरी लागू गरिनेछ।

२७. पुस्तकालयको पहुँचमा पुगेका विद्यालयहरुमा पुस्तकालय कार्डको प्रयोग,प्रत्येक विद्यार्थीलाई पुस्तकको उपलब्धता र सुरक्षित प्रयोग तथा आचारसंहित बनाइ पालिका भरी एकरुपता हुनेगरी लागू गरिनेछ।

२८. प्रत्येक शिक्षकलाई परिचय पत्र तथा विद्यार्थीलाई परिचय पत्र अनिवार्य गराइनुका साथै विद्यालयलाई शैक्षिक मन्दिरका रुपमा विकास गरिनेछ।

२९. विद्यालयमा जकं फुड निषेध गराउनुका साथै दिवा खाजालाई थप नियमित र ब्यवस्थित तरिकाले निरन्तरता दिईनेछ।

३०. बिद्यार्थी संख्या न्यून भएका विद्यालयहरुमा बहुकक्षा शिक्षण पद्धतिबाट अध्ययन गर्ने बातावरणको सृजना गर्दै नजिकको विद्यालयमा विद्यालय मर्ज गर्ने रणनीति लिईनेछ ।

३१. शिवनाथ गाउँपालिकामा रहेको एक मात्र क्याम्पशलाई थप व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

३२. प्राविधिक विद्यालयलाई थप सुद्धढिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३३. शिवनाथ गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा स्काउटिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. शिवनाथ गाउँपालिकाबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुलाई शैक्षिक गुणस्तरमा सुधार ल्याउने गरी सञ्चालन गरिनेछ ।

३५. मुख्य विषयका रोष्टर तयार पारी सघन कक्षाकोठा अवलोकन र पृष्ठपोषण दिई पठनपाठनमा सुधार गरिनेछ।

३६. शिक्षा विकास तथा समन्वय इकाइसँगको सहकार्यमा शैक्षिक गतिविधिहरु अघि बढाइनेछ।

३७. विद्यालयमा विद्यार्थीको अनुपातमा संघीय सिकाई अनुदान विषयगत रुपमा उपलब्ध गराउने कुरालाई निरन्तरता दिइनेछ ।

## संस्कृति तर्फ

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिईनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने मेला, महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ। साथै स्थानीय कला, संस्कृति र संरक्षण सम्बर्द्धनमा निरन्तरता दिइनेछ ।

## युवा तथा खेलकुद तर्फ

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिईनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराईनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

७. “एक वडा, एक खेलमैदान” को नीतिलाई निरन्तरता दिईनेछ ।

८. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, दलित र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।

५. अपाङ्गता सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१४. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८२/०८३ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।

## स्वास्थ्य तर्फ

१. गाउँपालिकाको पहलमा पूर्ण संस्थागत सुत्केरी गाउँपालिका र सुन्य होम डेलीभरी गराउन ६वटै वडा भित्र दक्ष जनशक्ती सहितको प्राविधीक सेवा उपलव्ध गराई १८ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरीएको छ, साथै गर्भवतीलाई कोसेली कार्यक्रम सन्चालन गरी पालिकाभित्रका ६वटै वडालाई पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा तथा सुनिश्चता गरिनेछ ।

२. आगामी आ.ब. भित्र नै सम्पुर्ण स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरहरुमा उर्जाका व्यवस्थापनका लागि विधुत जडान गरिनेछ।

३. पोषण सेवालाई व्यवस्थित गर्न ६ ओटै वडामा पोषण चौतारी कार्यक्रम गरिनेछ।

४. परिवार नियोजन सेवालाई व्यवस्थित गर्न जनचेतना फैल्याउने र सि पि आर बढाउन आवश्यक कार्यक्रम संञ्चालन गरिने छ।

५. पेपरलेस स्वास्थ्यसेवा व्यवस्थापन तथा सुचना प्रणालीलाई व्यवस्थित गर्न ७ ओटै स्वास्थ्य संस्थामा ल्यापटप, प्रिन्टर तथा ईन्टरनेटको व्यवस्था गरिनेछ र प्रविधिमैत्री संस्था बनाईनेछ तथा संस्था प्रमुखहरुलाई तालिमको व्यवस्था गरिनेछ।

६. वडा नं.१,२,४,५ गरी ४ ओटा वडाका स्वास्थ्य संस्थाहरुलाई स्तर उन्नती गर्न भवन माग गरिनेछ।

७. कुपोषण पहिचान अभियान सञ्चालन गरि ६ ओटै वडाहरुलाई पोषणमैत्री वडा घोषणा गरिनेछ।

८. गर्भवती महिलालाई टोलमै भिडियो एक्सरे सेवा उपलव्ध गराईनेछ । साथै यस सेवालाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. पुर्ण खोप वडा, पालिका घोषणा तथा दिगोपनालाई निरन्तरता दिइनेछ।

१०.पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन समय समयमा शिविर संञ्चालनलाई निरन्तरता दिईनेछ ।

११. च्यारिटि हेल्थ फाउन्डेसनको प्राविधिक सहयोगमा आँखा शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२.शिवनाथ २ शर्मालीमा रहेको आरोग्यकेन्द्रलाई निरन्तरता दिईनेछ।

१३. २४ घण्टा स्वास्थ्यसेवा उपलव्ध गराउने कार्यलाई विस्तार गरी निरन्तरता दिइने छ ।

१४. आगामी आ.व.मा पालिका केन्द्रमा निर्माणाधिन रहेको १० शैय्याको अस्पताललाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईने छ ।

१५. वर्षैभरी ९८ किसिमका औषधी निःशुल्क आपुर्तीको व्यवस्था मिलाइने छ ।

१६. स्मार्ट हेल्थ कार्यक्रमलाई निरन्तरता दिदै अन्य स्वास्थ्य संस्थामा विस्तार गरिनेछ ।

१७. दीर्घकालिन रोगहरु जस्तै क्षय,कुष्ट न्युनिकरण अभियानका लागि घरधुरी स्वास्थ्य परिक्षणको व्यवस्था गरिनेछ ।

१८. गर्भवती उद्धार कार्यका लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।

१९. सुरक्षित प्रसुती सेवा केन्द्रलाई थप गुणस्तरीय बनाउनका साथै प्रसुती सेवा केन्द्र मर्ज गरिनेछ ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### उद्योग तथा पर्यटन तर्फ

१. साना उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।

४. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।

७. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ ।

८. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ ।

९. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

१०. शिवनाथ गाउँपालिकामा रहेको जातो खानीलाई औधोकिकरण प्रवर्द्धन तथा पहुँच मार्ग विस्तार गरिनेछ ।

### खानेपानी तथा सरसफाई स्वच्छता (वास) तथा वातावरण तर्फः

१. गाउँपालिका स्तरमा खानेपानी परिक्षणका गर्नका लागी पानी परिक्षण प्रयोगशाला स्थापना गरी सञ्चालन गरिने छ।

२. पालिकामा सन्चालनमा रहेको वास इकाइ नाम परिवर्तन गरी वास तथा बातावरण शाखा अन्तरगत खानेपानी सरसफाइ स्वच्छता र वातावरण संरक्षणका कृयाकलापहरु सञ्चालन गरिने छ।

३. गाउँपालिकाको स्थानिय अनुकुलन कार्ययोजना (LAPA) तयार गर्नका लागी सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी (LAPA) तयार गरिने छ ।

४. विगतमा बर्षमा सम्पन्न भएका खानेपानी तथा सरसफाइ योजनालाई सुदृढ गरी एक घर एक धारा निति अवलम्बल गरिने छ ।

५. शिवनाथ गाउँपालिकाको जलस्रोत नियमावली, २०७५ अनुसार गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जलस्रोत समितिमा अनिवार्य रुपमा दर्ता र नविकरण गराई दर्ता प्रमाण पत्र वितरण गरिने छ ।

६. गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा पूर्ण सरसफाई र तीन तारा अभिबृद्धि सम्बन्धि तालिम सञ्चालन गरी विद्यालयको तारा अभिबृद्धि गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गराइने छ ।

७. वडा स्तरमा पुर्ण सरसफाइका कृयाकलापहरु सञ्चालनका लागी अभिप्रेरित गर्न वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति क्षमता विकासका कृयाकलाप सञ्चालन गरिनेछ।

८. गाउँपालिका खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७ अनुसार गाउँपालिका स्तरिय उपभोक्ता समिति सञ्जालका पदाधिकारीहरुलाई दिगो खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्वन्धि क्षमता अभिबृद्धि गराउने छ।

९. महिनारी स्वच्छता व्यवस्थापन र स्वास्थ्य सरसफाइ सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी आम जनसमुदायको चेतनास्तर अभिबृद्धि सम्बन्धित सरोकारवालहरुसँग सहकार्य गरिने छ ।

## वातावरण, जलवायु परिवर्तन तर्फ

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ ।पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४. जनताको मागको आधारमा विरुवा वितरण गरीनेछ । गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदैआएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोप्ता, बाँस,निगालो) कच्चा पदार्थ उत्पादन गर्ने क्लस्टरको रुपमा विकास गर्नेनितिलाई निरन्तरता दिइनेछ । बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतकोव्यवस्थापनकोनीति अवलम्बन गरिनेछ । प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।

५. खोटोसंकलनलाई व्यवस्थित गरिनेछ । सवै नाङ्गा डाँडामा क्रमिक रुपमा बृक्षारोपण गरिनेछ साथै प्रत्येक घरमा एउटा फलफुल विरुवा रोपण कार्यक्रम ल्याइनेछ । निजी बन संरक्षण तथा निजी नर्सरी उत्पादक कृषकलाई प्रोत्साहन गरिनेछ ।

६. गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डम्पिङ साईड निर्माण योजनाको डि.पि.आर तयार गरिने छ ।

७. प्रत्येक जनप्रतिनिधिले सार्वजनिक स्थलमा कम्तीमा २ विरुवा रोपण कार्यक्रम तथा नयाँ सन्तान जन्माउने दम्पतिले एक जोडि विरुवा लगाउनैपर्ने निति ल्याइनेछ । कवुलीयति, निजि वन तथा धार्मिक वन विकास कार्यक्रमम संचालन गरिनेछ ।

८. तारजाली वितरण गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

९. खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न जलवायुस्मार्ट- कृषि तथा कृषिवन प्रणाली-, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापनका र बातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०. समुदायहरूको समान सहभागिता सहित खोला- खोल्सी, पोखरी , मुहान, कुवा, नौला लगायत पानीका स्रोतहरूको सरक्षण, सम्बर्धन र ब्यवस्थापन सम्बन्धि बिभिन्न गतिबिधिहरु सञ्चालन गरिनेछन । यस अन्तर्गत खानेपानी सिंचाइ र बहुपयोगी योजनाहरुका भौतीक पुर्वाधारहरुको निर्माण तथा सेवा सुधारका कार्यहरु अगाडी बढाइनेछ ।

## <u>सहकारी तर्फ</u>

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ ।

## न्यायीक समिति तर्फः-

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
५. मेलमिलाप कर्तालाई थप तालिम दिई मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।
६. न्यायीक समिति तथा गाउँपालिकालाई आवश्यक कानुनी सल्लाहकारलाई निरन्तरता दिइनेछ ।
७. स्मपूर्ण पालिका बासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।
८. न्यायीक समितिको कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउँदै सेवा प्रवाहमा पारदर्शिता र जवाफदिहिता सुनिश्चित गरिनेछ ।
९. मेलमिलाप तथा बहुसरोकारवाला द्वन्द्ध रुपान्तरणका लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायीक समितिको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

## सुशासन सार्वजनिक सेवा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
२. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिईनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिकाको प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

११. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।

## विपद तर्फ

१. विपदबाट जोगिन विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइनेछ ।

३. वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ ।

४. "हराबरा बन शिवनाथको धन" अवधारणा विकास गरिनेछ ।

५. घरभत्केका, आगलागी पिडीतलाई राहत वितरण गर्ने नीति ल्याईनेछ ।

६. अग्नीरेखा निर्माण गर्न लगाउने नीति ल्याईनेछ ।

७. जडिवुटिको संरक्षण, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन, नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटीको माध्यमबाट आय आर्जनमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।

८. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्नेगरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाउने ।

९. जलवायुअनुकूलन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१०. वातावरण एवं जौविक विविधताकोसंरक्षण, पहिरोनियन्त्रण र भू—क्षय नियन्त्रणका लागि आवश्यक अध्ययनका आधारमा कार्यक्रम संचालन गरिनेछ । यस गाउँपालिका अन्तरगत रहेका रेडक्रस तथा अन्य संघसंस्था, समूह,र यबुाक्लवहरुलाई क्षमता अभिवृद्धि गर्न विषेश किसिमका कार्यक्रमहरु ल्याइनेछ ।

## भौतिक पूर्वाधार विकास तर्फ

१. नेपाल विद्युत प्राधिकरणबाट राष्ट्रिय प्रसारणलाईन गापाको केन्द्रसम्म पुगी सकेकोले संघ सरकारसँग समन्वय गरी उक्त विधुतलाईनलाई सम्पुर्ण वडा भरी विस्तार गरिनेछ।

२. प्रत्येक वडामा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न सडकहरूको डिपिआर तयार गर्ने रणनीति ल्याउनुका साथै डिपिआर गरीएका सडकलाई थप व्यवस्थित बनाउने कार्यक्रम ल्याइनेछ।

३. गा.पा केन्द्रमा रहेको खेलमैदान र शिवनाथ गाउँपालिका वडा नं. २ स्थित खुल्पूर खेलमैदानलाई थप व्यवस्थित गरिनेछ ।

४. निर्माणाधिन वडा नं. ५ को भवन निर्माण सम्पन्न हुने चरणमा रहेको हुँदा यथाशिघ्र कार्य सम्पन्न गरी नयाँ भवनबाटै सेवा सुचारु गर्ने व्यवस्था मिलाईनेछ।

५. गाउँपालिकासम्म पुग्ने मुख्य सडकलाई संघ र प्रदेश संग समन्वयगरी कालो पत्रे गर्न पहल गरिनेछ ।

६. स्थानीय सडकहरूलाई वर्षभरी यातायात संचालन गरीने व्यवस्था गरिनेछ ।

७. भौतिक संरचना निर्माण गर्दा नक्सा पास, भुकम्प प्रतिरोधि प्रविधि अनुसार निर्माण गरीने कार्यलाई प्राथमिकता दिइनेछ र यसै आ.व. बाट भवन संहिता सम्बन्धी आवश्य कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८. यातायात गुरू योजना अनुसार सडक निर्माण कार्यलाई अगाडी बढाइनेछ।

९. सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग/बाल मैत्रि संरचना निर्माण गरिनेछ ।

१०.सडक निर्माण गर्दा बातावरण मैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

११.संघ र प्रदेश सरकारसँगको समन्वयमा पालिका स्तरमा सञ्चालित मुख्य रणनीतिक सडकहरुको स्तरोन्नति तथा कालो पत्रेकालागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२.कृषि उत्पादनमा जोड दिन सिचाँई सुविधाका लागि आवश्यक बजेटको व्यवस्था तथा ठूला सिचाँई आयोजना सञ्चालनको लागि संघ र प्रदेशसँग समन्वय गरिनेछ ।

१३.लिफ्ट सिचाँइ योजना मार्फत मुख्यतया सुनर्या र महाकाली नदी आशपासका खेति योग्य क्षेत्रका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरिनेछ ।

१४.एक वडा एक खेलमैदान कार्यलाई निरन्तरता दिइनेछ।

१५.साना सिचाई योजनाहरु निर्माण कार्य संचालनमा ल्याईनेछ ।

## उर्जा तथा लघु जलविद्युत

१. घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी बनाइनेछ ।

२. वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम स्रंचालन गरिनेछ ।

३. सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गर्न पहल गरिनेछ ।

४. सञ्चार नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुऱ्याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ वडा कार्यालय शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

५. पेपरलेस गाउँपालिकाको आधार तयार गरिनेछ । विज्ञान प्रविधिमा पहुँच अन्तर्गत यस गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण वडा तथा सरकारी कार्यालय, सामुदायिक विद्यालयहरुमा संचार तथा इन्टरनेट सेवालाई निरन्तरता गरिनेछ । “सवैका लागि सुचना र सञ्चार कार्यक्रम” अन्तर्गत तिब्र गतिको इन्टरनेट सेवा लगायत गाउंपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शिता ढङ्गले प्रदान गर्न “सूचना प्रविधिमैत्री गा.पा.”वनाउने नीतिमा जोड दिईनेछ । क्षमता, योग्यता, आवश्यकता र समावेशीताको आधारमा कर्मचारीहरुको व्यवस्थापन गर्न स्पष्ट नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

## कृषि तर्फ

१. बेमौसमी तरकारीको उन्नत वीउविजन ५० प्रतिशत वितरण गरिनेछ ।

२. बेमौसमी तरकारी सम्बन्धी अगुवा कृषक तालिम सञ्चालन गरिनेछ ।

३. अदुवा र बेसारको वीउ दोब्बर ८० प्रतिशतमा वितरण गर्ने ( व्यावसायिक किसानहरुलाई ) मात्र उपलब्ध गरिनेछ ।

४. धान, मकै र भटमास उन्नत वीउ ८० प्रतिशतमा वितरण गरिनेछ ।

५. बेमौसमी तरकारी उत्पादन गर्न ९० प्रतिशतमा प्लास्टिक छानो वितरण कार्यलाई निरन्तरता दिईने छ ।

६. हिउँदे फलफूल विरुवा ८० प्रतिशत अनुदानमा दोब्बर वितरण गर्ने ( व्यावसायिक किसानहरुलाई ) मात्र उपलब्ध गराईनेछ ।

७. बर्खे फलफूल विरुवा ८० प्रतिशत अनुदानमा दोब्बर वितरण गर्ने ( व्यावसायिककिसानहरुलाई ) मात्र उपलब्ध गराईनेछ ।

८. फलफूल सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

९. गोठेमल व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

११. अगुवा कृषकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

१२. च्याउको विउ ८० प्रतिशतमा वितरण गर्ने र च्याउ सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१३. सक्रिय अगुवा कृषकहरुलाई अन्तर भ्रमणको व्यवस्था मिलाईनेछ ।

१४. कृषि सामाग्री उपकरण खरिद गरी सक्रिय व्यावसायिक किसानहरुलाई निःशुल्क वितरण गरिनेछ ।

१५. अमेरिकन फौजी किरा नियन्त्रण गर्नको लागि बिषादीहरु खिद गरी निः शुल्क वितरण गरिनेछ ।

१६. अन्न भण्डारणको लागि (सिड विन, सुपर ब्याग) वितरण गर्ने व्यवस्था गरिनेछ ।

१७. किसानहरुलाई फलफूल, तरकारी र खाद्यान्न बालीको जानकारीका लागि लिपलेट, पम्पलेट वितरण गरिनेछ ।

१८. उकृष्ट व्यावसायिक किसानलाई गाउँपालिकावाट प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

१९. केराखेतिका लागि वोट विरुवा वितरण कार्यक्रम गरिनेछ ।

२०. युवा स्वरोजगार कार्यक्रम जस्तै केरा खेति, बेमौसमी तरकारी उत्पादन गर्न प्लाष्टिक वितरण र मौरीपालन व्यवसायको व्यवस्था मिलाईनेछ ।

२१. तरकारी, फलफूल र खाद्यान्न बालीको लागि बाली संरक्षणका आकस्मिक सेवा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. वातावरण अनुकूल रक्तचन्दन तथा श्रीखण्डका विरुवा रोपण कार्यक्रम ल्याईनेछ ।

२३. रैथाने बालीहरुको विउ संकलन गरी उत्पादनमा लगाईनेछ ।

## पशु तर्फ

१. पशुजन्य उत्पादनमा जोड दिदै किसानहरुलाई नि शुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

२. पशुपंक्षी पालन किसानलाई बिमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रममा जोड दिइनेछ ।

४. व्यवसायिक किसानहरुमध्येबाट उत्कृष्ट कृषक समुहलाइ पुरुष्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

५. मासु,अण्डा तथा दुधबाट आत्म निर्भर बनाउनका लागि बिशेष कार्यक्रम गरिनेछ ।

६. पशुपालन, भैसी पालन ,गाई पालन बिशेष प्याकेज कार्यक्रम मार्फत व्यवसायीकरणमा जोड दिइनेछ ।

७. बिभिन्न प्रकारका पशुपन्छी रोगहरुको निराकरणका लागि पशु बिज्ञ केन्द्र र गाँउपालिकाको सहकार्यमा खोपको व्यवस्थापन गरिनेछ ।

८. कुखुरा पालन, बंगर पालन,बाख्रा पालन र माछा पालनमा बिशेष जोड दिइनेछ ।

९. पशुपंक्षी उत्पादन बृद्धि र बजारीकरणमा जोड दिइने छ ।

१०. समुह समिति गठन, बहुउदेशीय फर्म कार्यक्रम सञ्चालन गरिनेछ ।

११. उन्नत जातका बाख्रा र बोका किसानहरुलाई उपलब्ध गराईनेछ ।

१२. स्थानीय स्तरमा रहेका पशुपंन्छी संरक्षण गरिनेछ ।

१३. बाख्रापालन तथा अन्य व्यवसायिक किसानलाइ प्रोत्साहन गरिनेछ ।

१४. पशुहरुमा फैलिएको लम्फी स्कीन लगायत अन्य महामारी रोगको लागि खोप तथा उपचार सेवामा बिस्तार गरिनेछ ।

१५. पशुपंन्छीमा लाग्ने महामारी रोगको निदान तथा उपचारमा बिशेष जोड दिइनेछ ।

१६. कृत्रिम गर्भाधानका लागि बिशेष जोड दिइनेछ ।

१७. पशुपंन्छी व्यवसाय सम्बन्धी बिशेष तालिमको व्यवस्थापन गरिने छ ।

१८. पशुपंन्छीहरु सम्बन्धी बिमाको व्यवस्थापन गरिने छ ।

१९. पशुपंन्छी उपचार सेवालाई थप प्रभावकारी ढंगले सेवा प्रदान गरिने छ ।

२०. आन्तरीक तथा बाह्य परजीवी सम्बन्धी र अन्य लगायतका रोगहरुको उपचार सम्बन्धी शिविर संचालन गरिने छ ।

## राजस्व तथा आन्तरिक श्रोत परिचालन तर्फ

१. कर प्रशासनलाई चुस्त सरल र प्रविधिमैत्री एवं करदातामैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण निर्माण गरिनेछ।

२. गाउँपालिकाले आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, करको दायरा विस्तार र राजस्व चुहावटलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ।

३. गाउँपालिकाले सम्पूर्ण करदाताको तथ्याङ्क संकलन गरी अभिलेख अद्यावधिक गरिनुका साथै राजस्व असुली कार्य वैज्ञानिक,यथार्थपरक, पारदर्शी र प्रभवाकारी बनाईनेछ।

४. राजस्व शाखा र राजस्व सम्बन्धि कार्य गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

५. घर बहालकरलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला संघ, संस्था, निकाय वा कार्यालयसँग समन्वय गरी तथ्याङ्क संकलन तथा राजस्व संकलन प्रभावकारी बनाइनेछ।

६. सेवाग्राहीले अनलाईन पद्धतिबाट घरमै कर तिर्ने व्यवस्था मिलाईनेछ ।

७. अनलाईन पद्धतिबाट कर संकलन तथा असुल गर्न सक्ने गरी सेवा विस्तार गरिनेछ।

८. गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिमा योगदान गरे वापत योगदानका आधारमा करदातालाई पुरुस्कृत गर्ने प्रणाली विकास गरिनेछ।

## रोजगार सेवा केन्द्र तर्फ

१. वैदेशिक रोजगारीको क्रममा मेलेसीया, दुवै, साउदी लगायत विभिन्न गन्तव्य मुलुकहरुमा जाने व्यक्तिहरुलाई नयाँ श्रम स्वीकृति कार्यलाई निरन्तरता दिईनेछ ।

२. स्थानीय क्षेत्रमा रहेका रोजगारीका सम्भावनाहरुको पहिचान गरिनेछ।

३. गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई थप ब्यवस्थित बनाई आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ती उत्पादन र रोजगारीका अवसर पहिचा गर्न यस शिवनाथ गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति बमोजिम कार्य गरिनेछ।

४. न्यूनतम रोजगारीको प्रत्याभुति हुनेगरी यस रोजगार सेवा केन्द्रबाट सञ्चालनहुने विकास निर्माणका आयोजनाहरुमा पालिकाबाट लागत साझेदारी गरिनेछ।

५. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवद्धनको लागि सार्वजनिक विकास निर्माण कार्यहरुमा कामको प्रकृतिअनुसार रोजगार सेवा केन्द्रमा सूचीकृत भएका व्यक्तिहरुलाई खटाउने व्यवस्था मिलाईनेछ।

६. सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरु र कामको अनुभव बाट प्राप्त सीप भएका व्यक्तिहरुलाई सि.टी.ई.भि.टि बाट प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिनेछ।

७. रोजगार सेवा केन्द्रमा वेरोजगार व्यक्तिहरूको नामावलि अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ

१. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत अनिवार्य भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइने छ, साथै नेपाल एस.बि.आइ. बैङ्कसँग समन्वय गरि गाउँपालिका र बैङ्कको सहकार्यमा घुम्ति सिविर मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. सामाजिक सुरक्षा भत्ता पाउने सम्पुर्ण लाभग्राही जेष्ठनागरीकहरूको सामाजिक सुरक्षा भत्ता निजहरुको नातेदार मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउपालिका र नेपाल एस.वि.आई. बैंक, शिवनाथ शाखा विच विश्वसनीय वातावरण सृजना गर्ने व्यवस्था गरिनेछ ।

३. घटना दर्ताका कार्यहरू विधुतीय माध्यम द्वारा अध्वावधिक गर्ने कार्य निरन्तर चलिरहनेछ।

४. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र निजहरूमाथि भएको विभेदीकरणको अन्यका लागि नीति तयार गरी बाल संजाल गठन गरिनेछ ।

५. शिवनाथ गा.पा. बाट निर्मित बालविवाह न्युनिकरण सम्बन्धि तयार गरीएको ५ बर्षे रणनीतिक योजनालाई लागु गरिनेछ ।

६. दलित समुदायमा रहेको परमपरागत पेशा, सीप, कला र दक्षतालाई सुदृढीकरण र व्यवसायिकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

७. जोखिममा रहेका एकल महिलाहरूको पहिचान गरी वडा तह र गा.पा. तह को एकल महिला संजाल गठन गरी मागको आधारमा कार्ययोजना तयार पारिईनेछ।

८. लौङ्गिक हिंसा निवारण कोष कार्यविधि कार्यान्वयन गरी हिंसा पीडित महिलालाई राहात तथा पूर्नस्थापना गरिनेछ ।

९. भूमिहिन विपन्न वर्ग एकल महिला मुक्त हलियालाई सुरक्षित नागरीक कार्यक्रम लागु गरिनेछ ।

१०. लौङ्गिक हिंसा छुवाछुत, महिनावारी जस्ता कुरीतिहरू तथा कुप्रथाहरूको अन्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

११. गा.पा. भरी रहेका ग र घ वर्गका अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी निजहरूको अधिकार सुनिश्चित गर्न गा.पा. स्तरीय अपाङ्गता संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ।

१२. बाल श्रम मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम ल्याइनेछ ।

१३. बिगतका हस्तलिखित घटना दर्ता कार्यलाई अनिवार्य रुपमा बुधुतिय माध्यमबाट अध्यावधिक गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

१४. सामाजिका सुरक्षा भत्ता प्राप्त गर्ने १८ वर्ष भन्दामाथिका लाभग्राहीलाई राष्ट्रिय परिचय-पत्र अनिवार्य गरिनेछ ।

१५. सामाजिका सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले स्वयम् उपस्थित भई नविकरण र दर्ता गर्ने कार्य वायोमेट्रिक भेरिफिकेसनबाट गरिनेछ ।

## बहुक्षेत्रीय पोषण तर्फ

१. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन अबलम्बन गर्न पोषणमैत्री वार्ड घोषणाका लागि बिशेष अभियान संचालन गरिने छ ।

२. एक वडा एक पोषण नमुना गाउँको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ ।

३. वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी पोषणमैत्री वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

४. यस बर्ष एउटा वडालाई पोषणमैत्री वार्ड घोषणा गरिनेछ आगामी ३ वर्षमा पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

५ . नेपालका महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस शिवनाथ गा.पा. ले उच्च प्राथमिकतामा राख्ने छ ।सोही अनुरुप आ.ब.२०८२।०८३ को लागि नेपाल सरकारबाट प्राप्त हुने

बजेट र यस गाउपालिकाले छुट्याइएको समपुरक रकम समेत लाई बिषयगत तथा क्षेत्रगत बिनियोजित पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीका लागि बिषयगत शाखा र साझेदार निकायहरुसँग मिलेर पोषण लछित र सम्बेनशील निकायहरुसँग क्रियाकलापहरु संचालन गरिनेछ ।

७. महिला बालबालिका लछित कार्यक्रम जस्तै बाल पोषण अनुदान,खोप कार्यक्रम,बालमैत्री स्थानिय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।

८. यस शिवनाथ गा.पा.को पोषण सम्बन्धी सुचना ,तथ्याकंहरुको व्यवस्थापनको कमि भएको कुरालाई महशुस गर्दै यस गा.पा.मा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाको सहकार्यमा गाउ पालिका स्तरीय पोषण पाश्र्व चित्र यस बर्ष भित्र तयार गरिनेछ ।

९. सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरि त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन,सुशासन, र पारदर्शिताको सुनिश्चिता गरिने छ ।

१०. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कार्यान्वयनका लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष ताथ पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष, उद्देश्य कार्यान्वयन गरी पोषणमैत्री स्थानीय साशनको प्रवर्द्धन गरिनेछ ।

## लघु उद्यम विकास तर्फ

१. गाउँपालिकाभरी ८० जना नयाँ उद्यमी सृर्जना गर्ने कार्यक्रम ल्याइने छ ।

२. उद्यमशिलता तालिमलाई निरन्तरता दिइनेछ ।

३. मागमा आधारित सीप विकास तालिमको आधारमा उपयुक्त प्रबिधि हस्तान्तरणको समेत ब्यवस्था मिलाउने कार्यक्रम ल्याइने छ ।

४. लघु उद्यमिहरुलाई सहुलियतपुर्ण कर्जाको लागि बैङ्क तथा बित्तिय सँस्थाहरुसित आवश्यक समन्वय गरिनेछ।

५. उद्यम बिकास तथा रोजगार सृजना सम्बन्धी रणनितिक योजना तयार गर्ने प्रतिवद्धता प्रकट गर्दछौं ।

६. बजारको माग तथा स्रोत साधनको उपलब्धता र जनचाँहानामा आधारित उद्यमहरुको स्थापना गर्न आवश्यक पहल गरिने छ ।

७. एक घर एक उद्यमि एक वडा एक उद्योग स्थापना गर्न संघ र प्रदेश सरकारसंग पहल गरिने छ ।

८. स्थानिय स्तरमै रोजगारिका अवसरहरु सृजना गरि गाउँपालिकालाई समृध बनाउने नीति ल्याईने छ।

९. उत्कृष्ठ उद्यमिलाई प्रोत्साहनको लागी उद्योग बिकास शाखा बाट सम्मान कार्यक्रम को व्यवस्था मिलाईने छ ।

१०. स्थानिय उत्पादनलाई प्राथमिकतामा राखी सो को बाजारिकरण मा सहयोग र समन्वय गरिने छ ।

११. विपन्न वर्गका उदयमिहरुलाई साझा सुबिधा केन्द्र र बिक्री कक्षको स्थापना गरिने नीति अवलम्बन गरिने छ ।

## सूचना प्रविधि तर्फ

१. शिवनाथ गाउँपालिकामा डिजिटल नोटिस बोर्डको स्थापना गरिनेछ ।

२. सबै मा.बि.,निमावि, आ.वि. र स्वस्थ्य चौकीमा सूचना प्रविधिका न्युनतम सामग्रीहरूको परीपुर्ति गरिनेछ ।

३. गाउँपालिकामा एउटा *E-Library* को व्यवस्था गरीनेछ। जसबाट शिक्षण सामग्रीहरूको परीपुर्ति गरिनेछ ।

४. सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्य दक्षताका लागि आवश्यकता अनुरूप सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ।

५. आ.वि., तह देखी मावि तह सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

६. विद्यालयहरूमा कम्प्यूटर शिक्षामा जोड दिइनेछ।

७. विषयगत कम्प्युटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको व्यवस्था मिलाईनेछ।

८. सबै स्वास्थ्य संस्था र सामुदायीक विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिनेछ ।

९. गाउँपालिकाबाट हुने कार्य सम्पादन र सेवा प्रवाहलाई थप प्रविधिमैत्री बनाईनेछ ।

१०. सुचना प्रविधिमा विशेष जोडदिन आवश्यक सफ्टवेयर अनवेश्ण ताथ विकास गरिनेछ ।

११. ***E-palika*** कार्यक्रम अगाडी बढाईनेछ ।

१२. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१३. स्थानीय एफ.एम. र रेडीयोसँगको सहकार्यमा सञ्चालित “हाम्रो गाउँपालिका” प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

१६. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालिकालाई सूचनामैत्रि बनाइनेछ।

## संस्थागत सुधार तथा शुसासन प्रवर्धनः

१. विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित व्यवस्था गरिनेछ ।

२. खरिद गुरु योजना तयार गरी कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. कर्मचारीको हकमा कार्यसम्पादन र मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्ने बातावरण सृजना गरिनेछ ।

४. जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ साथै आम जनतालाई स्वास्थ्य बीमा गराउन प्रेरित गराईनेछ।

५. कर्मचारी व्यवस्थापन एवं परीचालनमा तदारूकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिइनेछ।

६. कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

७. स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरिनेछ।

८. प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न जोकोहि व्यक्तिलाई सम्पत्तिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।

१०. कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।

११. राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य पद्धतिको विकास गरिनेछ ।

१२. सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नयाँ जीवन दिइनेछ।

१३. विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरिनेछ ।

१४. दरवन्दी अभावका कारणले हालसम्म ५ वडामा वडा सचिव नभएकोले प्रदेश लोक सेवा आयोगसंग माग गर्ने कार्यलाई अगाडी बढाईनेछ ।साथै अन्य कर्मचारीहरुको माग गरी पदपूर्ती गरिनेछ ।

१५. स्थानीय सरकार स्थापना पश्चात हालसम्म स्थानीय सरकारले गरेका सम्पूर्ण कार्य प्रगतिको ***Video documentary*** तयार गरी सम्प्रेषण गरिने छ ।

## विविध सम्बन्धी नीति तथा कार्यक्रम

१. परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिइनेछ।

२. शिवनाथ गाउँपालिकाको भूमि शाखाबाट आर्थिक वर्ष २०८२/०८३ मा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको आवास तथा भूमिमाथिको पहुँच र स्वामित्व स्थापित गराईनेछ ।

३. शिवनाथ गाउँपालिकाका युवाहरुलाई लोक सेवा तर्फ आकर्षित गर्न लोक सेवा कक्षा सञ्चालन गरिनेछ ।

४. नेपाल सरकारले मिति २०८२/०१/०१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश संचित कोष र स्थानीय कोषबाट प्रारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृतभरण पाउने बाहेक) व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न पहल गरिनेछ ।

५. मुक्तहलिया पुर्नस्थापना कार्यविधि बनाई नेपाल सरकारले मुक्त हलियाको तथ्याङ्क संकलन गर्दा तत्कालिन अवस्थामा लगतमा नाम छुट्न गएका मुक्तहलियाहरु व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिकाको कार्यलाई परिणाममुखी र थप व्यवस्थित गर्न आवश्यक पर्ने बिशिष्ठता र विज्ञयता हासिल गर्न कृषि बिज्ञ, पशु विज्ञ, कानूनि सल्लाहकार, शिक्षाविद / विज्ञ, राजनैतिक / समाजिक सल्लाहकार, वातावरण विज्ञ तथा सूचना प्रविधि विज्ञको परार्मशमा अगाडि बढने निति अवलम्वन गरिनेछ ।

७. नेपालि नागरीकता र मतदता परिचय पत्रबाट वन्चित नागरिकलाई पालिका स्तरमा सेवा सुविधा उपलव्ध गराउन जिल्ला प्रशासन कार्यालय बैतडी र नेपाल सरकारसँग समन्वय गरिनेछ ।

८. पिछडिएको बर्गलाई मुलप्रवाहीकरणमा ल्याउन विभिन्न सशक्तिकरणका कार्यक्रमहरू ल्याइनेछन।

९. सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमामेलविलापकेन्द्रखडागरीने नीति ल्याइनेछ।

१०. किसनाहरुको अन्नबालि नष्ट गर्ने जङ्गलि जनावर नियन्त्रणकालागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

११. लैसास नितिलाई पूर्ण रुपमा अवलम्वन गरिनेछ ।

१२. मदिरा नियन्त्रणलाई थप प्रभावकारी बनाइ समाजमा शान्ति सुरक्षा कायम गरिनेछ ।

१३. धार्मिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

१४. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक बत्तिको थप व्यवस्था गरिनेछ ।

१५. जनताको गुनासो सुनका, अन्तरक्रिया गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका, दिर्घकालीन विरामिहरूकालागि,चितुवा आक्रमणर दुर्घटना परी ज्यान गुमाउनेका लागि गरिएको विपन्न नागरिक राहत कोषलाई निरन्तरता दिइनेछ।

१७. न्यायिक समितिको काम कार्वाहिलाई सशक्त र सुदृढ पारिनेछ।

१८. जलबायु अनुकुलका बिभिन्न कार्यक्रमहरू सुचारू गरिनेछ ।

१९. विभिन्न रोजगारमुलक कार्यक्रमहरू संचालन गरिनेछ ।

२०. मोवाईल संचार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसंग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाईनेछ।

२१. स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्नेपरीपाटीलाई निरूत्साहित गरिनेछ ।

२२. रकत समूह पहिचान तथा तत् सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।

२३. वातावरणमा प्रतिकूल असर पारिरहेका सिसाजन्य र प्लास्टिकजन्य बस्तुहरुको उचित व्यवस्थापन मिलाईनेछ ।

**<u>सभाका सदस्य महोदय,</u>**

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू, नागरीक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

धन्यबाद ।